IBO IB DIPLOMA PROGRAMME
PROGRAMME DU DIPLÔME DU BI
PROGRAMA DEL DIPLOMA DEL BI

M02/178/S(1)

# NEPALI A1 – STANDARD LEVEL – PAPER 1
# NÉPALAIS A1 – NIVEAU MOYEN – ÉPREUVE 1
# NEPALÍ A1 – NIVEL MEDIO – PRUEBA 1

Tuesday 21 May 2002 (afternoon)
Mardi 21 mai 2002 (après-midi)
Martes 21 de mayo de 2002 (tarde)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a commentary on one passage only. It is not compulsory for you to respond directly to the guiding questions provided. However, you may use them if you wish.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- Ne pas ouvrir cette épreuve avant d'y être autorisé.
- Rédiger un commentaire sur un seul des passages. Le commentaire ne doit pas nécessairement répondre aux questions d'orientation fournies. Vous pouvez toutefois les utiliser si vous le désirez.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario sobre un solo fragmento. No es obligatorio responder directamente a las preguntas que se ofrecen a modo de guía. Sin embargo, puede usarlas si lo desea.

*तल दिइएका कविता अथवा निबन्धको टिप्पणी लेख्नुहोस् :*

१.(क)

यो जिन्दगी खै के जिन्दगी !
भित्र भित्रै खोकिएर बाहिर बाहिर बाँचेको
एटम्को त्रासले चुसेको
समस्याको भूतले सताएको
यो जिन्दगी खै के जिन्दगी !
बन्धुकको नालमा टाउको राखेर निदाउनु पर्छ यहाँ
खुकुरीको धारमा पाइला टेकेर जिउनु पर्छ यहाँ
आँखा चिम्लन पनि जग्‌जगी
आँखा उघार्न पनि जग्‌जगी
यो जिन्दगी खै के जिन्दगी !
पसलमा सोकेशभित्र सजाइराखेको
काँचको चुरो जस्तो यो जिन्दगी
कुनै युवतीको हातमा चढ्दा चढ्दै
प्याट्ट फुट्न सक्छ यो जिन्दगी !
रबरका सस्ता चप्पल जस्तै यो जिन्दगी
बाटामा हिंड्दा हिंड्दै
च्याट्ट टुट्न सक्छ यो जिन्दगी
यो जिन्दगी खै के जिन्दगी !!

हरिभक्त कटुवाल, ***यो जिन्दगी खै के जिन्दगी*** ( काठमाडौं : रत्नपुस्तक भण्डार भोटाहिटी २०२९ ) पृ.३७ ।

**यस कविताको भाषा र शैलीको वर्णन गर्नुहोस् ।**

**यस कविताको मुख्य सन्देश के हो ?**

**यो कविता पढिसकेपछि तपाईंका व्यक्तिगत विचार र भावनाहरू के - के हुन् ?**

## १. (ख)

कसले सुनिदेला मेरो यो गुनासो ? बाबुले हकाई-हकाई आमाले फकाई-फकाई, कति भने केटाकेटीमा चुरट नखानू भनेर कानमा बतास लाइएन । अब आज आएर पछुताउनुपरिरहेछ । खानु के छ र उही पनि यो महँगीको चुरट त ? आफ्नो रगत-पसीनाको पच्चीस प्रतिशत आम्दानीलाई डाँडा कटाउनु छ, र जीउ बिगार्नु छ । ताडीफ ! तै पनि खाइ नै रहेछु ।

नेपालमा प्रत्येक मालको भाउ छिनमा तोला, छिनमा मासा भइरहन्छ । त्यस दिन सुनें चुरटको भाउ धरहराको टुप्पामा चढ्यो । आफू भइयो पुड्के, हात पनि लामा भएनन् । धरहराको टुप्पामा पुग्ने त के, हेर्दै पनि पछारिने डर । पेट काटी, गाँस काटी गर्ज टार्दैछु ।

मैले तृप्तिका साथ चुरट खान पाइनँ, मलाई बिताएको त छ , यस 'खै-खै' ले पो त । म देख्तछु - नेपालमा मान्छे प्राय: सलाई किन्दैनन्, 'खै खै' मै निर्भर रहेर चुरट खान्छन् । चुरट सल्काएर म ढोकाबाहिर पुग्न पाउन्नँ , अधिकारीहरूसँग जागीर माग्नेहरूले लित्ती कसे भैंं यिनले मलाई पित्त-पानी छदाएर छाड्छन् । 'खै-खै' आफ्नो चुरट सल्काउन यी हात बढाउँदै भनिहाल्दछन् । एक मन त लाग्छ भनिदिऊँ 'दिन्न भनिदिऊँ' के तिम्रा मुखमा आगो भोस्न तिम्रा पुर्खाले मलाई बिर्ता दिएर राखेका हुन्? तर, किन हो , भन्न अलि मुख फुक्तैन । दिन्छु म थपक्क नि आप्नो सल्किएको चुरट । भएन के नाथेले लाँदाखेरि नै ठ्वास्स पारेर जोर्छ उसको चुरटसँग मेरो चुरटलाई । सके मेरो चुरटको घाँटी भाँचिएला, सके कम्मर भाँचिएला, नभए भुँडी त फुटाली नै दिन्छ । म हेरिरहेको हुन्छु, सल्काउने कियामा , ऊ गाला फुलाएर खलाँती चलाइरहेको हुन्छ । अन्तमा चुरट मेरो हातमा फर्कन्छ, तर नेप्टिएर, चेप्टिएर, बेकामको भएर , बिल्कुल हिजोआजको ख्याउटे वनस्पति नेता जस्तो भएर ।

वनस्पति नेताको उपमा सुन्दा तपाईंलाई आश्चर्य लाग्ला- स्वाभाविकै पनि छ , किनकि भाँडिएको राजनीति भएको देशमा नेता दुई थरीका हुन्छन् भन्ने तपाईंलाई थाहा छैन होला । अब यसको पनि केही खुलस्त दिइहालूँ । छोटकरीमा भन्छु - चोखा घिउको अगाडि दूध-दही र नौनीको इतिहास भए भैंं चोखा नेताको पनि पछाडि यस्तै इतिहास हुन्छ । घाँसघुसबाट मेशीनद्वारा तत्कालै बनाइने कृत्रिम घिउलाई 'वनस्पति' भनिन्छ । नेतालाई पनि तपाईं यस्तै सम्भनोस् ।

केशवराज पिंडाली, <u>खै खै</u> पाँ.सं. (काठमाडौं : साभा प्रकाशन २०३९) पृ.१-२ ।

**निबन्धको उक्त उद्धरणमा म भनेको को हो र उसले भोगेका समस्याहरू के हुन् ?**

**निबन्धको उक्त उद्धरणले कस-कसप्रति कति प्रभावकारी रुपमा व्यङ्ग्य गरेको छ ?**

**निबन्धको उक्त उद्धरणबाट तपाईं कुन हदसम्म प्रेरित हुनुभएको छ र किन ?**